"कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, पर्यटन, पूर्वाधार: सुन्दर समृद्ध बर्जुको आधार"

# बर्जु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

अमाहिवेल्हा, सुनसरी
कोशी प्रदेश, नेपाल

प.सं. : २०८२/०८३
च.नं. : ९२३५

श्री कुशवाहा ब्रदर्स इन्जिनियरिङ्ग सोलुशन प्रा.लि.
बर्दिवास-३, महोत्तरी।
(प्रो.मनोज कुमार महतो)

मितिः- २०८३/०१/२४

**विषयः अल्पत्र अधुरो कार्य यथाशिघ्र सुचारु गरी सम्पन्न गर्ने सम्बन्धमा।**

यस कार्यालय/आयोजनाद्वारा सञ्चालित Construction of Black Topped And RCC Road of Barju Ga.pa. Wada 4 Sahebgunj Budhi Khola Dekhi Barju 3 Biratnagar Samma Jodne Bato, Contract Id no. BRM/SUNSARI/NCB/WORKS/1/2082/83 अन्तर्गत तपाईसँग मिति २०८२/१०/०८ गते मा भएको सम्झौता अनुसार मिति २०८३/०३/१५ गते भित्र सम्पन्न गर्नुपर्नेछ भन्ने अवगतै छ।

तपाईले उक्त आयोजनाको केही खण्ड बाटोमा माटो हाली उक्त आयोजनालाई अल्पत्र अवस्थामा छोडेर आकस्मिक साइट बन्द गरी सम्पर्क विहिन भएकोले उक्त बाटोमा माटो हालेको खण्डमा पानीले बाटो आवत जावत/हिन्न अवस्था नरहेको र सोको जनगुनासो व्यापक रुपमा पालिकामा प्रतिदिन आइरहेको हुँदा तपाई प्रो.मनोज कुमार महतो यस पत्रको मिति देखि ३ दिन भित्र यस पालिकामा उपस्थित भई उक्त साईट संचालन गरी अल्पत्र अवस्थामा रहेको आयोजनालाई निरन्तरता दिई सोको जानकारी यस वर्जु गा.पा.मा समेत जानकारी गराउनु हुन।

माथि भनिएको कार्यनिर्देशन तथा जानकारीको पालना वा साइट संचाल नभएको खण्डमा तपाईलाई कानुन वमोजिम प्रहरी प्रशासनको सहयोग लिई हाजिर गराउन बाध्य हुने अवस्था नहोस भन्ने जानकारी गराइन्छ।

साथै कुशवाहा ब्रदर्स इन्जिनियरिङ्ग सोलुशन प्रा.लि.,बर्दिवास-३,महोत्तरीको नामबाट लिएको पेश्की रकम वापत राखिएको अग्रिम वैंक ग्यारेण्टी (APG) रोक्का गरी सो वापतको रकम यस पालिकाको नाम फिर्ता गर्नेछ, तथा सार्वजनिक खरीद ऐन,२०६३ र नियमावली,२०६४ मा उल्लेख रहेको कानूनी प्रावधान तथा अन्य कानुन वमोजिम कार्यवाही भई जानकारी गरान्छ।

..............................
सुधिर साफी
प्रमुख प्रशासकीय अधिकृत

सुधिर साफी
प्रमुख प्रशासकीय अधिकृत

"मैले तिरेको कर मेरै लागि, समृद्ध गाउँ निर्माणका लागि"

Email: barjugaupalika@gmail.com    Website: www.barjumu.gov.np